बैठक संख्या -५

कार्यपालिका बैठक मिति २०८३/०७/१९ का प्रस्तावहरु

१. भूमि सम्वन्धि समस्या समाधानको लागि तिन पुस्ते विवरण सम्वन्धमा ।

२. कित्ता बर्गिकरण समावेश गर्ने सम्बन्धमा ।

३. कानून निर्माण सम्बन्धमा ।

४. योजना तथा कर्याक्रम सम्बन्धमा ।

५. सडक बोर्ड नेपालको योजना छनौट सम्बन्धमा ।

६. स्वीकृत दरवन्दिमा कार्यरत करार कर्मचारीको तलव/भत्ता सम्वन्धमा ।

७. सेवा करारमा कर्मचारी विज्ञापन सम्वन्धमा ।

८. विशेष आर्थिक सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

९. प्रदेश राजधानी गुरुयोजना कार्यान्वयन सम्बन्धमा ।

१०. वडा सचिबलाई प्रोत्साहन सुविधा दिने सम्बन्धमा ।

११. घ बर्गको निर्माण व्यावसायी इजाजतपत्र सम्बन्धमा ।

१२. अपाङ्ग सहायता सम्बन्धमा ।

१३. अटिजम विशेष विद्यालय संचालन सम्बन्धमा ।

१४. विविध विषय सम्बन्धमा ।

कार्यपालिका बैठक मिति २०८३/०७/१९ गतेका निर्णयहरु:

निर्णय नम्बर १

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धि कार्यविधि, २०८३ बमोजिम वडा स्तरीय भूमि सहजीकरण समितिवाट प्रमाणीकरण गरी आएका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत प्रमाणीत भएकोमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासीका भूमि प्रशासन कार्यालयमा श्रेस्ता भिडान गरी भूमिहिन भए नभएको सम्बन्धमा एकिन साथै किटानीका लागि जिल्ला भूमि समस्या समाधान समिति दाङ संग आवश्यक समन्वय गरी सम्वन्धित नापी कार्यालयमा लगत पठाउने ।

गढवा गाउँपालिका
गढवा कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

धन नारायण शर्मा पौडेल
अध्यक्ष

विष्णु प्रसाद ज्वाली
प्रशासकीय अधिकृत

निर्णय नम्बर २

६ नं. वडाको वडा स्तरीय भूमि समस्या समाधान सहजीकरण समितिको निर्णय र ६ नं. वडा कार्यालयको वडा समितिको सिफारिस बमोजिम गढवा गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण बनाउने क्रममा त्रुटी हुन गएकोले भू-उपयोग नियमावली २०७९ को पहिलो संशोधन २०८० को नियम ४(घ) बमोजिम भू-उपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण हुन गई त्रुटी भएकोले सो त्रुटी संशोधनका लागि स्थानीय तहको सिफारिस लेखि आएमा सोही बमोजिम संशोधन गरी कित्ताकाट गर्नुपर्ने व्यवस्था र गढवा गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरणको कित्तागत विवरण २०८१ को निर्णय नं. ३ (क) मा कित्तागत विवरण तयार गर्दा केही प्राविधिक त्रुटी भएको पाइएमा स्थानीय भू-उपयोग परिषदबाट स्वीकृत क्षेत्रगत (भू-उपयोग) नक्साको आधारमा सरोकारवाला निकायसँग समन्वय गरी भुल सुधार गर्न सकिने व्यवस्था बमोजिम तपसिलको कित्ता नं. संशोधनको लागि भूमि प्रशासन कार्यालय लमहीलाई सिफारिस गर्ने ।

तपसिलः

क्र.सं.	वडा नं.	कित्ता नं.	भुलबस भएको कित्ता नं.	संशोधित कित्ता नं. वा भू-उपयोग क्षेत्र	कैफियत
१	गढवा १(क)	५५	५४	५५(कृषि क्षेत्र)	कित्ता नं. मा त्रुटी भएको

निर्णय नम्बर ३

कानून निर्माण सम्बन्धमा देहायबमोजिम गर्ने निर्णय गरियो ।

३.१ विधायन समितबाट स्वीकृतिका लागि पेश भएका देहायका कार्यवधिहरु यस कार्यपालिकाको बैठकमा छलफल भइ संशोधन सहित स्वीकृत गर्ने ।

- कर्मचारी कल्याण कोष (उपदान) सेवा संचालन कार्यविधि, २०८३
- गढवा गाउँपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७९ को पहिलो संशोधन २०८३
- गढवा आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८३
- घुम्ती स्वास्थ्य सेवा सञ्चालन कार्यविधि, २०८३
- नागरिक सहभागिता मञ्च गठन तथा सञ्चालन कार्यविधि, २०८३
- नागरिक सहभागिता एवम् सार्वजनिक जवाफदेहिता अभिवृद्धि कार्यविधि, २०८३,
- प्रतिवद्धता पालना अनुगमन कार्यसंचालन पुस्तिका, २०८३
- गढवा गाउँपालिकाको बालमैत्री स्थानीय शासन तथा वाल अधिकार संरक्षण कार्यविधि, २०८३
- लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रसाद खवाली
अधिकृत

- सुरक्षित आवास गृह(सेफ हाउस) संचालन कार्यविधि, २०७९ पहिलो संशोधन, २०८३
- कृषि तथा पशुजन्य उपजको उत्पादनमा आधारित अनुदान सम्वन्धि कार्यविधि, २०८१ पहिलो संशोधन

३.२ निम्न कानूनहरुको मस्यौदा तयार गरी विद्यायन समितिमा पेश गर्ने ।

- रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८३
- हरियो मल प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०८३
- क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८३
- अटिजम विशेष विद्यालय संचालन कार्यविधि, २०८३
- उपभोक्ता समिति दर्ता कार्यविधि, २०८३

<u>निर्णय नम्बर</u> ४

स्थानीय जनताको आवश्यकता, चाहना तथा विकासको प्राथमिकताका आधारमा वडा कार्यालयहरुबाट छनौट गरी सिफारिस भई आएका तपशिलका योजनाहरुको कार्यान्वयनका लागि दाङ जिल्ला निर्वाचन क्षेत्र नं. १ का माननीयसँग समन्वय गर्ने ।

तपसिलः

- वनवारी - कालाकाटे सडक स्तरोन्नती वडा नं. १
- महदेवा – सिसहनिया सडक मर्मत वडा नं. २
- माधवपुर – सुपैला सडक स्तरोन्नती वडा नं ३
- वडा कार्यालयदेखि परस्पुर सम्म सडक स्तरोन्नती वडा नं. ४
- सुनपुरुवा, खजरौटा, बाँकी, झाली हुँदै कोइलाबास सडक स्तरोन्ती वडा नं. ५
- पर्नाहा कृषि सडक स्तरोन्नती वडा नं. ५
- खडकपुर – पर्सा जोड्ने सडक मर्मत वडा नं. ४
- महदेवा – चिमचिमे सडक मर्मत वडा नं. २
- खैरादेखि रासी नदीसम्म सडक स्तरोन्ती वडा नं. ३
- गढवा स्वास्थ्य चौकीदेखि बुद्धज्योती सडक हुदैं मदपुर जोड्ने सडक स्तरोन्ती वडा नं. ६
- झिंगा – थानदउखर हुँदै आँटीपाकर धर्मपुर जोड्ने सडक मर्मत वडा नं. ६
- जुरौनी – चिसापानी – रङसिङ सडक मर्मत वडा नं. १
- मनिकापुर – मतपुर – खवरी सडक मर्मत वडा नं. ६
- मकहनवादेखि रासी झोलुङ्गे पुलसम्म सडक मर्मत वडा नं. ७
- भोजपुरदेखि रासी झोलुङ्गे पुलसम्म सडक मर्मत वडा नं. ७

गढवा गाउँपालिका कार्यपालिकाको कार्यालय गढवा, दाङ, लुम्बिनी प्रदेश, नेपाल

धर्म नारायण शर्मा पौडेल
अध्यक्ष

विष्णु प्रसाद रुवाली
प्रशासकीय अधिकृत

- झारबैरादेखि रास्ती पुलसम्मको सडक मर्मत वडा नं. ७
- मुसिनाकादेखि मुसिधारसम्म जाने बाटो मर्मत वडा नं. ८
- कोइलाबास हिलपार्कदेखि करिया टोल जाने बाटो मर्मत वडा नं. ८
- खवरी नाकादेखि – कोइलाबास बाटो स्तरोन्ती वडा नं. ८

निर्णय नम्बर ५

सडक बोर्ड नेपालको च.नं. २५८, मिति २०८३/०६/१९ गतेको प्राप्त पत्र अनुसार आ.व. २०८३/०८४ मा यस गढवा गाउँपालिकाको स्थानीय सडक मर्मत संभार कार्यको लागि रु १८,००,०००/- (अक्षरुपी रुपैयाँ अठार लाख मात्र) बजेट स्वीकृत भई आएको छ । सडक बोर्ड नियमावलीको नियम ९ मा उल्लेखित मार्गदर्शन बमोजिम सम्बन्धीत स्थानीय तहले २० प्रतिशत रकम लागत साझेदारी गर्नुपर्ने व्यवस्था बमोजिम यस गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने रु. ३,६०,०००/-(अक्षरुपी रुपैयाँ तिन लाख साठी हजार मात्र) चालु आ.व.को सडक बोर्ड योजनासँग म्याचिङ शिषर्कमार्फत लागत साझेदारी गरी तपशिलको योजना कार्यान्वयन गर्ने ।

तपशिलः

१. मुसिधारदेखि मुसिनाकासम्म सडक मर्मत तथा स्तरोन्नती वडा नं. ८

निर्णय नम्बर ६

यस गढवा गाउँपालिकामा स्वीकृत स्थायी र अस्थायी दरबन्दीमा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३/०६/२१ गतेको निर्णयानुसार स्वीकृत भएको **सेवा करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्था** को दफा ३ बमोजिमको सेवा तथा सुविधा उपलब्ध गराउने ।

निर्णय नम्बर ७

यस गढवा गाउँपालिका र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालबिचमा मिति २०८२/१२/११ गते देखि २०८५/०६/२४ गतेसम्म संचालन हुने गरी सम्झौता भएको कार्यक्रमको लागि तपशिल अनुसार कर्मचारी आवश्यक पर्ने भएको हुदाँ करार सेवामा कर्मचारी छनौटका लागि सूचना प्रकाशन गर्ने ।

तपसिलः

क्र.सं.	पद	तह	सेवा	पद संख्या
१	मनोसामाजिक परामर्शकर्ता	पाँचौ	करार	१
२	द्वन्द्व पीडित स्वयंसेवक		आंशिक करार	१

गढवा गाउँपालिका कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखल
अध्यक्ष

विष्णु प्रसाद उवाली
प्रशासकीय अधिकृत

निर्णय नम्बर ८

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७७ मा कुनै कर्मचारी तथा करार सेवामा रहेको कर्मचारी सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ एक लाख पचास हजार विशेष आर्थिक सुविधा प्रदान गर्ने व्यवस्था भए बमोजिम यस गढवा गाउँपालिका अन्तर्गतका कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुको सेवामा छँदै मृत्यु भएकोले निजको परिवारलाई कानून बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिलः

क्र.सं	नाम	पद	कार्यरत कार्यालय
१.	डिल्लीराज रेग्मी	अ.हे.व.	चन्दनपुर आधारभूत स्वास्थ्य सेवा केन्द्र गढवा ७
२.	रामनरेश यादव	स.कम्प्युटर अपरेटर	५ नं. वडा कार्यालय बाँकी

निर्णय नम्बर ९

गढवा गाउँपालिका १ नं वडा कार्यालयको च.न. १२४० मिति २०८२/१२/२५ को आयोजना स्वीकृतिको लागि गरिएको सिफारिस पत्रानुसार लुम्बिनी प्रदेश सरकार अन्तर्गत गठित प्रदेश पूर्वाधार विकास प्राधिकरणबाट तयार भई कार्यान्वयनको चरणमा रहेको प्रदेश राजधानी शहरको गुरुयोजनाले गढवा गाउँपालिकाको वडा नं. १, २ र ३ लाई समेत कार्य गर्न लागेको र हाल उक्त गुरुयोजना अन्तर्गत यस गाउँपालिकाको वडा नं १ को मलमला-जुरौनी आयोजना संचालनको लागि आवश्यक प्रक्रिया पुरा भएकोले उक्त गुरु योजना तपशिलको चारकिल्ला जग्गाको एकीकरण आयोजनाको लागि शहरी विकास ऐन, २०८१ को दफा ६(२) बमोजिम स्वीकृत प्रदान गर्ने ।

तपशिलः

(मलमला)

पूर्वः भालुबग्दारे खोला
पश्चिमः कठा लडी लिक
उत्तरः रासी, रङसिङ नदी
दक्षिणः दामोदर सडक

(जुरौनी)

पूर्वः झरौनी खोला
पश्चिमः शिताराम कल्भर्ट
उत्तरः रङसिङ खोला
दक्षिणः पूर्व पश्चिम राजमार्ग

निर्णय नम्बर १०

लुम्बिनी प्रदेश लोकसेवा आयोगसँग प्रशासन सेवा, सामान्य प्रशासन समूहका कर्मचारीहरुको पदपूर्तीको लागि यस पालिकाबाट माग गरी आएकोमा हालसम्म पदपूर्ती हुन नसकेका रिक्त पदहरु (वडा सचिव) मा अन्य सेवाका स्थायी कर्मचारीलाई पूर्ववत जिम्मेवारीको साथसाथै वडा सचिवको समेत कामकाज गर्नेगरी थप जिम्मेवारी दिएकोमा निज कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप मासिक रु. ५,०००/- थप भत्ता उपलब्ध गराउने ।

गढवा गाउँपालिका कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

रण शर्मा पोखरेल

निर्णय नम्बर ११

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा 'घ' बर्गको निर्माण व्यावसायी ईजाजतपत्रका लागि पर्न आएका निवेदनको सम्वन्धमा **घ वर्गको निर्माण ब्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४** बमोजिम यस गढवा गाउँपालिकामा गठित जाँजवुझ तथा सिफारिस समितिको मिति २०८३ असोज २१ गतेको सिफारिस बमोजिम तपशिल बमोजिमका निर्माण व्यावसायीलाई **घ वर्गको निर्माण ब्यवसायी** ईजाजत पत्र प्रदान गर्ने ।

तपसिलः

सि.नं.	फर्मको नाम	प्रोपराइटरको नाम	ठेगना
१.	स्वोहेम कन्स्ट्रक्सन एण्ड सप्लायर्स	मोहन खड्का	गढवा वडा नं. ७

निर्णय नम्बर १२

गढवा गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. १००, मिति २०८३/०४/२५ गते सिफारिस पत्र बमोजिम वडा नं २ का स्थायी वासिन्दा मिना घर्तिको आर्थिक अवस्था कमजोर रहेकोले निजको कृतिम खुट्टा फेर्नको लागि महिला तथा बालबालिका (लक्षित बर्ग समेत) शाखाको बजेटबाट कार्यान्वयन हुने गरी आवश्यक सहायता प्रदान गर्ने ।

निर्णय नम्बर १३

अटिजम भएका बालबालिकालाई सहज, सुरक्षित, पहुँचयुक्त तथा बालमैत्री वातावरणमा विशेष शिक्षा प्रदान गर्ने उद्देश्यले गढवा गाउँपालिका भित्र अटिजम विशेष विद्यालय संचालनका लागि सर्वोदय प्राथामिक विद्यालय गढवा-६ को परिसर भित्र आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने साथै अटिजम विशेष विद्यालय संचालन कार्यविधि, २०८३ समेत निर्माण गर्ने ।

घन नारायण शर्मा पौडेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ, नेपाल
लुम्बिनी प्रदेश,

१२/०६/१९

विष्णु प्रसाद उवाली
प्रमुख प्रशासकीय अधिकृत